परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष १४ ❑ अंक ५ २०८२ भाद्र ८ आईतवार Sunday 24, AUG 2025 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

'कोशीको गौरव हिमालको सान
पर्यटन वर्षमा सबैलाई सम्मान'
कोशी प्रदेश पर्यटन बर्ष,
२०८२ सफल पारौं ।
प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश नेपाल

## राष्ट्रिय पत्रकारीता पुरस्कारबाट वरिष्ठ पत्रकार कोइराला सम्मानित



कोशराज रेग्मी स्मृति राष्ट्रिय पत्रकारीता पुरस्कारबाट सम्मानित वरिष्ठ पत्रकार तिर्थ काईरालासंग सामूहिक तस्वीर

विराटनगर। कोशराज रेग्मी स्मृति राष्ट्रिय पत्रकारीता पुरस्कार २०८२ बाट वरिष्ठ पत्रकार तिर्थ काईराला सम्मानित भएको छ।

नेपाल पत्रकर महासंघ मोरंगले आयोजना गरेको पुरस्कार समर्पण समारोहका प्रमुख अतिथि कोशी प्रदेका सभामुख मानवीय अम्बर बहादुर विष्टले पीताम्बर खिलेश्वरी समृति प्रतिष्ठान विराटनगरले स्थापना गरेको २५ हजार राशीको पुरस्कारबाट काईरालालाई सम्मान गरेको हो।

समारोहलाई सम्बोधन गर्दै कोशी प्रदेका सभामुख मानवीय अम्बर बहादुर विष्टले भने आमसञ्चार विधेयक पत्रकारहरूकै लागि भएकोले पत्रकारको हित हुनेगरी सञ्चार विधेयक वनाउन सहजी करण गर्ने वताए।

पुरस्कृत व्यक्तिको परिचय नेपाल पत्रकार महासंघ मोरंगको सह सचिव रेवती रमण निरौलाले गरेका थिए। त्यसै गरी कोशराज रेग्मीको परिचय अनन्त राज नेउपानेले गराएका थिए।

पुरस्कार समर्पन समारोहमा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य कमल रिमाल नेपाल पत्रकार महासंघ कोशी प्रदेशका उपाध्यक्ष कुमोद अधिकारी, नेपाल पत्रकार महासंघ मोरंगका पूर्व अध्यक्ष यज्ञ शर्मा, मोहन भण्डारी, महेन्द्र विष्ट उपस्थित रहेको थियो।

पुरस्कार समर्पण समारोह नेपाल पत्रकार महासंघ मोरंगका अध्यक्ष शुशीला पाठकको अध्यक्षको अध्यक्षतामा सम्पन्न भएको थियो।

## कोशी प्रदेशका पत्रकारहरू आन्दोलित

विराटनगर। कोशी प्रदेश सरकारले ल्याउन लागेको आमसञ्चार विधेयक पत्रकार को हितमा नभएको भन्दै नेपाल पत्रकार महासंघ कोशी प्रदेश, संसदीय पत्रकार मञ्च र पत्रकारसंग सम्बन्धि संघ संगठनहरु आन्दोलित भएका छन्।

कोशी प्रदेश सभाको न्याय, प्रशासन तथा विधायन समितिले तयार गरेको 'कोशी प्रदेश आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' माथिको समितिको प्रतिवेदन २०८२ भदौ ६ गते शुक्रवार प्रदेश सभाको ३८ औं बैठकमा पेश भएको वेला देखि कोशी प्रदेशका पत्रकारहरुले आन्दोलन छेडेका छन्।

पत्रकार माथि अंकुस लगाउने र समाचार लेखेकै आधारमा सजाय र दण्ड गर्ने कानुन तुरुन्त सच्याउन आग्रह गर्दै पत्रकारले पटकपटक विधेयक माथि बसेर छलफल गर्दा समेत अटेर गरेर सुनियोजित तरिकाले विधेयक ल्याएकोले विरोधमा उत्रिएका पत्रकार माथि प्रहरी प्रशासनले दमन गरेका थिए।

प्रेस चौतारी नेपाल कोशी प्रदेश समितिले शनिवार ६ बटा बुद्धामा संशोधनको माग गर्दै प्रेसमैत्री कानुन निर्माण गर्ने प्रक्रिया अघि बढाउन प्रदेश सभा, समिति र सरकारसँग जोडदार माग गर्दै मागहरूलाई वेवास्ता गरिएको खण्डमा बाध्य भएर विधेयकको प्रतिवादमा उत्रिने चेतावनी दिएको छ।

प्रदेश सभाको न्याय, प्रशासन तथा विधायन समितिमा रहेका माननीय सदस्यहरूले विधेयकमाथिको छलफलका क्रममा संचार माध्यम र पत्रकारहरूलाई अंकुश लगाउने, कारवाही र क्षतिपूर्ति भराउन एकमत भएको विषयलाई हामी गम्भीरताका साथ लिएका छौं। उक्त कार्यले संविधानप्रदत्त प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चितका लागि नेकपा एमाले, नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रबाट प्रतिनिधित्व गर्ने समितिका सबै सदस्यहरू को प्रतिवद्धता माथि गम्भीर आशंका व्यक्त गर्दै स्पष्ट धारणा

वांकी अन्तिम पेजमा...

## हजारौं रेल यात्रुको सपना चकनाचुर



विराटनगर। जोगबनीको सट्टा पूर्णियाबाट वन्दे भारत एक्सप्रेस रेल सञ्चालन गरिएपछि माननीय रेलमन्त्रीले बिहारको लागि घोषणा गरिएका रेल परियोजनाहरूमा पटनाबाट सहरसा हुँदै पूर्णियासम्म वन्दे भारत एक्सप्रेस सञ्चालन गर्ने घोषणा गर्दा नेपाल र भारतका हजारौं रेल यात्रुहरूको सपना चकनाचुर भएको आरोप भारत नेपाल रेल यात्रु सहजीकरण समितिको वैठकले लगाएका छन।

विराटनगरमा रेल यात्रु सहजी करण समितिको सल्लाहकार महेश स्वर्कारको अध्यक्षतामा बसेको बैठकले सो आरोप लगाएका हुन।

सीमावर्ती नेपाल सहित सम्पूर्ण अररिया जिल्लाका रेल यात्रुहरूको हितलाई बेवास्ता गरिएको छ। यो रेल जोगबनीसम्म सञ्चालन गरिनुपर्छ, जुन दुवै देशका सीमावर्ती क्षेत्रका रेल उपभोक्ताहरूको लामो समयदेखिको माग रहेको समितिका अध्यक्ष राजेश कुमार शर्माको भनाइ रहेकोछ।

रेलमन्त्रीको घोषणाले सीमाञ्चलका जनतामा निराश भएको समितिका सल्लाहकार महेश साह स्वर्णकरको भनाइछ वहाँका अनुसार रेललाई जोगबनी सम्म विस्तार गर्न विभिन्न दबाबमा आधारित कार्यक्रम हरू गर्ने भएकोछ।

समितिका सचिव विकास मण्डलले भने कि माननीय रेलमन्त्री अश्विनी वैष्णवको घोषणालाई ध्यानमा राख्दै यो रेल पटनाबाट खगरिया, सहरसा, मधेपुरा, बनमानखी हुँदै पूर्णिया आउनेछ। पूर्णियाबाट जोगबनीको दूरी मात्र ८० किलोमिटर छ, यदि यो रेल जोगबनीसम्म विस्तार गरियो भने सम्पूर्ण अररिया जिल्ला मात्र नभई सीमावर्ती नेपालका हजारौं रेल यात्रुहरू लाभान्वित हुने

वांकी अन्तिम पेजमा...






परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.विराटनगर द.न. ०४/०७७/०७८

## मानव...

आयोजनामा भएको कार्यक्रममा व्यवसाय र मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना २०८०/८५ कार्यान्वयनबारे अन्तरक्रिया गरिएको थियो ।

सो अवसरमा कोशी प्रदेशका सामाजिक विकास मन्त्री पाँचकर्ण राईले सरकार र निजी क्षेत्र मिलेर अघि बढ्न सके व्यवसाय र मानव अधिकार संरक्षण सुदृढ हुने बताएका थिए । सन् २०११ मा संयुक्त राष्ट्रसंघले व्यवसाय र मानव अधिकारसम्बन्धी मार्गदर्शन सिद्धान्त पारित गरेपछि विश्वका विभिन्न देशमा यससम्बन्धी अवधारणा कार्यान्वयन हुँदै आएको छ ।

कार्यक्रममा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव निश्चलराज पाण्डे र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमका टेक टमाटाले कार्यक्रमका विविध पक्षबारे प्रकाश पार्दै व्यवसाय र मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना र यसले समेटेका विषय र विभिन्न तहका सरकारले खेल्नुपर्ने भूमिकाका विषयमा प्रकाश पार्नुभएको थियो ।

## हजारौं...

र रेलको उपयोगिता पनि सतप्रतिशत हुने ग्यारेन्टी हुनेछ।

समितिकी सदस्य विनीता सिंहले भारत सरकारको रेल मन्त्रालयमाथि पूर्ण दबाब दिन सीमामा हस्ताक्षर अभियान सुरु गरि सो हस्ताक्षर भारत सरकारको रेलमन्त्रीलाई पठाउनु पर्नेमा जोड दिएका थिए ।

बैठकमा रेलमन्त्रीलाई पत्र लेखेर भारत र नेपालको सीमावर्ती क्षेत्रका जनताका लागि जोगबनीबाट रेल चलाउन माग गर्ने र जोगबनी रेलवे स्टेशनमा रहेका अन्य

समस्याहरूबारे आवाज उठाउनुपर्ने समितिको ठहर छ । बैठकमा सदस्यहरू सन्तोष साह, मीना विश्वास, किरण राई, राजु भगत लगायतको उपस्थित रहेको थियो ।

## कोशीको...

चौतारीले माग गरेको छ ।

प्रदेशसभामा प्रस्तुत भएको समितिको प्रतिवेदनमा प्रेस चौतारीको निम्ना बुद्धामा असहमति रहेको छ ।

- विधेयकको दफा ७ को (ज) मा पत्रकार तथा आमसञ्चार सम्बन्धी आचारसंहिता स्वीकृत गरी कार्यन्वयन गर्ने, गराउने' र यस सम्बन्धी सजाय गर्ने व्यवस्थाका लागि दफा (५७) मा कुनै आमसञ्चार माध्यम वा संस्था वा पत्रकारले व्यवसायिक आचार संहिता उल्लङ्घन गरेमा प्रतिष्ठान समक्ष जोसुकैले निवेदन दिन सकिनेछ' भनि गरिएको व्यवस्था सिद्धान्तः प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता प्रतिकुल रहेको ठहर गर्दछौं।
- विधेयकको दफा ८ को (घ) मा प्रतिष्ठानको 'अध्यक्षको योग्यता' सम्बन्धी व्यवस्थामा 'नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको' भन्ने व्यवस्था नै उचित रहेको हाम्रो ठहर छ।
- विधेयकको दफा १४ को उपदफा (४) मा प्रेस रजिष्ट्रारको पारिश्रमिक तथा अन्य सेवा सुविधा सम्बन्धी व्यवस्था अनुसूची-१ बमोजिम हुने भनिएकोमा, उक्त अनुसूचीमा प्रेस रजिष्ट्रारको पारिश्रमिक रकम तोकिएको प्रति हाम्रो असहमति रहेको छ। प्रेस रजिष्ट्रारको स्पष्ट तह किटान गर्न जोडदार माग माग गरेको छ ।
- विधेयकको दफा २६ मा प्रशारणमा रोक लगाउन सकिने' सम्बन्धी व्यवस्थाको व्याख्या संविधानको मर्म प्रतिकुल रहेको छ । संविधानले कानुन बनाएर दण्डनीय हुने गरी व्यवस्था गरेपनि विधेयक र समितिको प्रतिवेदनमा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरेकै आधारमा प्रशारण रोक लगाउन सक्ने व्यवस्था तथा यसैको कसुरमा हुने दण्डजरिवानासम्बन्धि दफा ५२ (३) मा २५ हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना हुने व्यवस्थामा हाम्रो गम्भीर असहमति रहेको छ ।
- विधेयकको दफा २७ को कसुरमा हुने दण्डजरिवाना सम्बन्धी व्यवस्थामा 'तोकिए बमोजिमको जरिवाना गर्न सक्नेछ' भनि प्रदेश सरकारले नियमावलीमार्फत थप कडाई गर्ने गरी लक्षित गर्न खोजेको प्रति गम्भीर असहमति रहेको छ ।
- विधेयकको दफा ३० को 'सामग्री प्रसारण गर्न बन्देज' सम्बन्धी सम्पूर्ण व्यवस्थाको व्याख्या नियतवश् दुरुपयोग हुनसक्नेतर्फ हाम्रो आशंका रहेकोले यसमा असहमति रहेको छ ।
- विधेयकको दफा ५४ को 'सजाय गर्ने अधिकारी सम्बन्धी व्यवस्थामा प्रतिवेदनमार्फत प्रदेश रजिष्ट्रारलाई मुद्दाको सुरु कारवाही र किनारा गर्ने अधिकार दिएको छ । यो अधिकार रजिष्ट्रारलाई नभई प्रतिष्ठानलाई हुनुपर्ने स्पष्ट धारणा रहेको बाबुराम भणडरी महासचिव द्धारा हस्ताक्षरीत प्रेस विज्ञप्तीमा उल्लेख छ ।



१. मा कोशी प्रदेशका पत्रकारहरु धर्नामा, २. पत्रकार माथि प्रहरीको ज्यादती


## बाल अधिकार सुनिश्चित गरौं

**बाल अधिकार :**

- शिक्षा, स्वास्थ्य र पालनपोषणको अधिकार, - हिंसा र शोषणबाट जोगिने अधिकार,
- अभिव्यक्ति र सहभागिताका अधिकार, - माया, स्नेह र संरक्षण पाउने अधिकार,
- खेल र मनोरुजनको अधिकार,

**त्यसैले,**

- बाल श्रम अन्त्य गरौ, - सबै बालबालिकालाई विद्यालय पुर्‍याऔं,
- बालबालिकाको अवाज सुन्ने संस्कार बसालौं,
- बाल मैत्री समाजको निर्माण गरौ,

'आजको बालबालिका, भोलिको कर्णधार'

नेपाल सरकार, विज्ञापन बोर्ड

## वडा वासीहरुको लागि जनहितमा जारी सूचना

- आफ्नो घर आगँन सफा राखौ ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ ।
- सडक बाटोको अतिक्रमण नगरौ ।

वडा सचिव सुनिता घिमिरे — वडा अध्यक्ष माधव बहादुर भण्डारी

३ नं. वडा कार्यालय, दुहवी नगरपालिका, सुनसरी, कोशी प्रदेश



## वडा वासीहरुको लागि जनहितमा जारी सूचना

- आफ्नो घर आगँन सफा राखौ ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ ।
- सडक बाटोको अतिक्रमण नगरौ ।



वडा सचिव सपना चौधरी — वडा अध्यक्ष अरविन्द कुमार विश्वास

२ नं. वडा कार्यालय, दुहवी नगरपालिका, सुनसरी, कोशी प्रदेश



## वडा वासीहरुको लागि जनहितमा जारी सूचना

- आफ्नो घर आगँन सफा राखौ ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ ।
- सडक बाटोको अतिक्रमण नगरौ ।



वडा सचिव गोपाल खतिवडा — वडा अध्यक्ष अजुल हुसेन

१ नं. वडा कार्यालय, दुहवी नगरपालिका, सुनसरी, कोशी प्रदेश


परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउटःविजय कु.मण्डल मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

क्राईम अपरेशन
Crime Operation साप्ताहिक

## सम्पादकीय

# प्रेस स्वतन्त्रतामाथि प्रहार

कोशी प्रदेश सरकारले प्रदेश सभामा दर्ता गराएको आमसञ्चार विधेयकको प्रावधानहरु प्रेस स्वातन्त्रतामाथिको प्रहार भएको ठहर गर्दै नेपाल पत्रकार महासंघ कोशी प्रदेश लगायत पत्रकारसंग सम्वन्धित संघ संगठनहरुले विरोधमा उत्रेका छन् । लोकतन्त्रलाई सुदृढ बनाउन स्वतन्त्र प्रेसको भूमिका अपरिहार्य हुन्छ । प्रेसलाई लोकतन्त्रको चौथो अंग मात्र होइन, नागरिकको आवाज, शासनप्रति निगरानी र पारदर्शी समाज निर्माणको मेरुदण्ड पनि मानिन्छ । कोशी प्रदेशमा दर्ता गरिएको आमसञ्चार विधेयकले यही मेरुदण्डमाथि प्रहार गर्ने खालका प्रावधान समेटेको भन्दै व्यापक आलोचना भएको छ ।

विधेयकमा सञ्चारमाध्यम दर्ता, नवीकरण र नियमनका नाममा प्रेसलाई नियन्त्रण गर्ने प्रष्ट उदेश्य देखिएको छ । विशेषगरी अनलाइन समाचार पोर्टल, रेडियो-टेलिभिजन र सामाजिक सञ्जालमार्फत सूचना सम्प्रेषणलाई नियन्त्रणमा ल्याउने, मनपरी कारबाही गर्ने र समाचार सामग्रीलाई समेत प्रभावित पार्ने खालका व्यवस्था यसमा समावेश गरिएका छन् । यस्ता प्रावधानले पत्रकारलाई स्वतन्त्र रूपमा समाचार लेख्न असजिलो बनाउँछ, अन्ततः नागरिकको सूचना प्राप्त गर्ने अधिकार नै कमजोर हुन्छ ।

पत्रकारलाई लेखेकै भरमा दण्ड , जरीवाना, सजाय गर्ने व्यवस्था लल्याउने भनेको सञ्चारमा अंकुश लगाउने मात्र नभई लोकतन्त्र माथि नै प्रहार गरी नागरिकले सूचना पाउने अधिकारलाई समेत खोस्न खोजेकोले कोशी प्रदेशमा दर्ता गरिएको सञ्चार विधेयकले ल्याउने सम्भावित असरलाई समयमै सच्याउन पत्रकारसंग संम्बन्धित संघ  संस्था, नागरिक समाज, बद्धिजीवी लगायतले अभिव्यक्तिमाथि हुने प्रत्यक्ष प्रहारसँगै यस्ता कानुनी अंकुशहरू लोकतन्त्रकै लागि खतरनाक संकेत हुने कानुनलाई सच्याउन एकजुट भई कोशी प्रदेश सरकारको प्रतिवाद गर्न आवश्यक छ ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ । मनोरञ्जन र भ्रमणको योग छ ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको  अवसर मिल्ने छ । इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपुर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन । बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ । मित्रहरको सहयोग राम्रो रहने छ ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ । व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला । भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

# वैश्विक यूवाहरूका चुनौती र सम्भावना

**काली बहादुर घर्ती मगर**

अगष्ट १२ तारिख अन्तर्राष्ट्रिय युवा दिवस विश्वव्यापी रूपमा मनाइन्छ र यसले युवाहरूको अधिकार र भविष्य प्रति सचेत बनाउँछ ।

विश्वका युवाहरू बेरोजगारी, शिक्षा प्रणालीका खामि, मानसिक स्वास्थ्य समस्या र जलवायु परिवर्तनजस्ता चुनौतीहरू सामना गरिरहेका छन् ।

युवाहरूले डिजिटल युगमा नयाँ सोच, नेतृत्व र सामाजिक न्यायका लागि सक्रिय भूमिका खेलिरहेका छन् र अन्तर्राष्ट्रिय युवा दिवसले तिनीहरूलाई प्रोत्साहन गर्दछ ।

अगष्ट १२ तारिख विश्व-व्यापी रूपमा अन्तर्राष्ट्रिय युवा दिवसको रूपमा मनाइन्छ । यो दिवसले युवाहरूको आवाजलाई उच्च प्राथमिकतामा राख्दै उनीहरूको अधिकार, आवश्यकताहरू र भविष्यप्रति आशाका विषयमा विश्वलाई सचेत बनाउँछ । विश्वका करिब आधा जनसंख्या युवाहरूले बनेका छन् । उनीहरू वर्तमान र भविष्यको सामाजिक, आर्थिक, राजनीतिक तथा सांस्कृतिक प्रगतिको मूल चालक शक्ति हुन् । तर यिनीहरूका सामु अनेकौं चुनौतीहरू पनि छन् ।

बेरोजगारी, शिक्षा प्रणालीका खामिहरू, मानसिक स्वास्थ्यका समस्याहरू, राजनीतिक अस्थिरता, जलवायु परिवर्तन, सामाजिक विभाजन, र प्रविधिको दुरुपयोग जस्ता चुनौतीहरूले युवाको विकासलाई अवरुद्ध पारिरहेका छन् । यसले युवालाई निराश र असहज बनाएको छ भने कतिपय अवस्थामा सामाजिक विस्फोटको खतरा पनि बढाएको छ ।

तर, यी चुनौतीहरूकै बिचमा युवाले सम्भावनाका नयाँ ढोका पनि खोलेका छन् । डिजिटल युगले नयाँ सोच, नेतृत्व र सिर्जनशीलताको विस्तार गराएको छ । युवा सामाजिक न्याय, समानता, दिगो विकास र राजनीतिक सहभागितामा सशक्त भूमिका खेलिरहेका छन् । अन्तर्राष्ट्रिय युवा दिवसले यस्तो सक्रिय युवा नेतृत्वलाई प्रोत्साहन गर्दै युवालाई समृद्ध र दिगो भविष्यतर्फ उन्मुख गराउने अवसर प्रदान गरेको छ ।

विश्वभरका युवाहरू भाषिक, सांस्कृतिक, आर्थिक र सामाजिक पृष्ठभूमिमा विविध छन् । तर यी विविधताले उनीहरूलाई छुट्याउने भन्दा पनि एकता र साझा लक्ष्यतर्फ जोड्ने भूमिका खेलेको छ । युवा वर्ग सामाजिक न्याय, समानता र दिगो विकासका लागि विश्वव्यापी आन्दोलनहरूमा अग्रपंक्तिमा छन् । सामाजिक सञ्जाल र डिजिटल प्लेटफर्महरूले युवाहरूलाई सीमाहरू तोडेर विश्वव्यापी स्तरमा एकअर्कासँग जोड्ने काम गरिरहेका छन् ।

युवाहरूले नस्लवाद, लैङ्गिक भेदभाव, जातीय भेदभाव र अन्य सामाजिक असमानता विरुद्ध आवाज उठाउँदै आएका छन् । सामाजिक आन्दोलनहरूमा युवा सक्रियताले विश्वका धेरै ठाउँमा ठूला परिवर्तन हरू ल्याइरहेका छन् । उदाहरण स्वरूप, अमेरिका, फ्रान्स, भारत लगायतका देशमा युवा नेतृत्वमा मानव अधिकार, लैङ्गिक समानता र शिक्षा अधिकारका लागि आन्दोलनहरू भईरहेका छन् ।

डिजिटल युगले युवालाई नयाँ सोच र नवीनतम प्रविधिहरूको प्रयोगमार्फत सिर्जनशीलता र नेतृत्वको अवसर प्रदान गरेको छ । युवा संगीत, कला, साहित्य, प्रविधि र सामाजिक अभियन्ताका क्षेत्रमा विश्वमै उदाहरणीय काम गरिरहेका छन् । यसले उनीहरूको आत्मविश्वास र सामाजिक प्रभावलाई धेरै बढाएको छ ।

विश्वका धेरै मुलुकमा युवा बेरोजगारी दर असाध्यै उच्च छ । उच्च शिक्षामा प्रमाणपत्र भएको पनि उपयुक्त रोजगार नपाउने समस्या सर्वविदित छ । आधुनिक शिक्षा प्रणालीहरूले प्रायः श्रम बजारका आवश्यकता र प्रविधिको तीव्र विकासलाई समेट्न सकिरहेका छैनन् । शिक्षामा गुणस्तर अभाव, आधुनिक सीप अभाव, र प्राविधिक र व्यावसायिक प्रशिक्षणको कमीले युवाको रोजगार योग्यतालाई कमजोर बनाएको छ । शिक्षाले युवा प्रतिस्पर्धी बनाउन नसक्दा बेरोजगारीको समस्या विकराल हुँदै गएको छ ।

युवाहरूलाई प्राविधिक, व्यावसायिक, उद्यमशीलता र नवप्रवर्तनशील सीपमा दक्ष बनाउन विशेष कार्यक्रमहरू आवश्यक छन् । उद्योग र शिक्षालयबीच सहकार्य बढाउनुपर्ने हुन्छ जसले वास्तविक जीवनको अनुभव र सीप प्रदान गर्न सकोस् । यसका साथै, आर्थिक असमानता र ग्रामीण क्षेत्रमा अवसरको अभावले पनि बेरोजगारी समस्या झनै गहिरो बनाएको छ । ग्रामीण युवाहरूमा शहरी क्षेत्रमा रोजगार खोज्ने प्रवृत्ति बढेको छ जसले सामाजिक तनाव र अव्यवस्थित शहरीकरण निम्त्याइरहेको छ ।

आजका युवाहरूमा मानसिक स्वास्थ्यसम्बन्धी समस्या तीव्र गतिमा बढ्दैछन् । तनाव, डिप्रेसन, सामाजिक अलगाव, आत्महत्याका प्रवृत्ति जस्ता विषयहरू चिन्ताजनक देखिएका छन् । सामाजिक दबाब, भविष्यप्रति अनिश्चि-तता, अत्यधिक प्रतिस्पर्धा र डिजिटल माध्यमको अत्यधिक प्रयोगले युवामा मानसिक तनाव उत्पन्न गरेको छ । परामर्श सेवा र मानसिक स्वास्थ्य उपचारको अभावले समस्यालाई झन् जटिल बनाएको छ ।

युवाहरूलाई मानसिक स्वास्थ्यका बारेमा जागरूक गराउने, विद्यालय तथा कलेजमा मनोवैज्ञानिक परामर्श सेवा प्रदान गर्ने, र परिवार तथा समुदायमा सहयोगी वातावरण सिर्जना गर्ने पहल आवश्यक छ । सामाजिक कलंक हटाएर मानसिक स्वास्थ्य विषयलाई सामान्य बनाउनु पर्नेछ जसले गर्दा युवा उपचार र सहयोग लिन हिचकिचाउने छैनन् ।

विश्वव्यापी जलवायु परिवर्तनले सम्पूर्ण मानव जातिको भविष्यमा गम्भीर प्रभाव पार्ने सम्भावना छ । विश्वका युवाहरू यस विषयमा अत्यधिक सचेत र सक्रिय छन् । “चष्मबथक ायच गतगचभ” र “थ्यगतज ऋष्बितभ :यखझभलत” जस्ता विश्वव्यापी युवा आन्दोलनहरूले जलवायु न्यायका लागि सरकार र अन्तर्राष्ट्रिय निकायहरूलाई दबाब दिइरहेका छन् । युवा आवाजले वातावरणीय संरक्षण र दिगो विकासमा ठूलो योगदान पुर्याइरहेको छ ।

युवाहरूले हरित प्रविधि, नवीकरणीय ऊर्जा र वातावरण मैत्री व्यवहारहरूलाई अपनाउँदै सामाजिक रूपान्तरणको नेतृत्व गरिरहेका छन् । जलवायु संकट समाधानमा युवाको सक्रियता र नवप्रवर्तनलाई प्रोत्साहित गर्न आवश्यक छ । डिजिटल प्रविधिको विकासले युवाहरूलाई नयाँ सिर्जनशीलता र उद्यमशीलताको अवसर दिएको छ । सूचना प्रवाहले ज्ञानको पहुँच विस्तार गरेको छ, जसले नवप्रवर्तनलाई प्रवर्द्धन गरेको छ ।

वांकी ४ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी

# धार्मिक स्थान 'ग्रामथान' को परिचय

**श्याम सन्दर सुतिहार**

नेपालको तराई मधेशमा हिन्दु धर्म मान्ने प्राय:प्रत्येक टोल बस्तीमा धार्मिक स्थलको रूपमा ग्रामथान रहेको पाइन्छ। 'ग्रामथान' दुईवटा शब्दमिलेर बनेको छ। जसमा 'ग्राम' भन्नाले मध्यम आकारको सानो मानव बस्तीलाई बुझाउँछ। जहाँ कृषिकर्म गर्ने मानिसको अध्यधिक बसोबास हुन्छ।

एउटा गाउँपालिका भित्र विभिन्न ग्रामहरू हुन्छन्। खास गरी ग्रामहरूमा एउटै समुदायको मानिसहरूको बसोबास हुन्छ। ग्राममा सीमित संख्यामा मानिसको बसोबास हुन्छ। ग्राममा कृषि र प्राकृतिक स्रोतमा जीवन निर्वाह गरिरहेका सामाजिक सद्भाव र सामूहिक जीवन शैली, सीमित पूर्वाधार र सेवा सुविधा हुन्छन्।

त्यसैगरी थान भन्नाले टोल बस्तीमा रहेको विशेष स्थानलाई बुझ्नुपर्दछ। जुन कि धार्मिक सांस्कृतिक रूपमा महत्वपूर्ण हुन्छन्। हिन्दु धर्मावलम्बीहरूले थान शब्द धार्मिक स्थलहरू, देवस्थानहरू, प्राकृतिक रूपमा पूजापाठ गर्ने स्थानहरूलाई बुझाउन प्रयोग गरेको पाइन्छ। जस्तै ग्रामथान, कालीथान दुर्गाथान, नागथान इत्यादि।

ग्रामथान तराई मधेशमा बसोबास गर्ने प्राय: हिन्दु धर्म मान्ने सबै जातजातिको सांस्कृतिक र धार्मिक जीवनमा महत्वपूर्ण स्थान राख्ने एक पवित्र स्थल हो । यो स्थानमा टोल बस्तीमा बसोबास गर्ने हिन्दु धर्म मान्ने सबै जातजाति समुदायले परम्परागत रूपमा ग्रामथानको स्थापना गरेको पाइन्छ। यस्ता थानहरू प्राय: ऐलानी जग्गामा रहेको पाइन्छ। तर कही-कही नम्बरी (निजी) जग्गामा समेत रहेको पाइन्छ।

सुरुवातको समयमा माटोको ढिस्को बनाई त्यसैलाई ग्रामथान भनेर पूजापाट गर्ने गरेको पाइन्छ। ग्रामथान सम्म जानसमेत बाटोको अभावभई बारी वा खेतको बीचबाट जानुपर्ने हुन्थ्यो भनी बुढापाका वताउँछन्। समयको परिवर्तसँग ग्रामथानहरूमा बाँस वा काठका खम्बा, बाँसको टाटी (घेराबेरा) गरी परालको छानो मुनि ग्रामथानको स्थापना गरिन्थ्यो। पछिल्लो समयमा, स्थानीय सरोकार वाला हरूको सहयोगमा पक्की संरचना निर्माण गर्ने प्रचलन बढेको छ।

मधेशी समुदायमा जन्म, विवाहदेखि मृत्युसम्मका संस्कारहरू ग्रामथानसँग सम्बन्धित हुन्छन्। यस कुराले ग्रामथानको सांस्कृतिक महत्वलाई झल्काउँछ। ग्रामथानमा गरिने पूजापाठ मधेशी समुदायको परम्परा, स्थानीय मान्यता, र धार्मिक आस्थामा आधारित हुन्छ। ग्रामथानलाई गाउँको रक्षक र देवी-देवताको बासस्थान मानिन्छ।



मोरंगको धनपालथान गाउँपालिका वडा नं. २ खैरबोना टोलमा रहेको ग्रामथान

**ग्रामथानको विशेषताहरू :**

ग्रामथान गाउँ बस्तीमा हुने भएकाले आधुनिक सुविधा तिनमा नहुन सक्छ। परम्परागत रूपको पूजा भएकाले परम्परागत रूपमा ग्रामीण क्षेत्रमा जेजस्तो सुविधा हुने हो सोही किसिमको विषेशता यसको पनिरहनु स्वाभाविकै हो।

ग्रामथानकाविशेषताहरुलाई निमनुसार उल्लेख गर्न सकिन्छ।

- टोल बस्तीभन्दा पर खेत वा बारिमा राखिने।
- जाने बाटोको व्यवस्थित हुँदैन।
- पिउने पानीको व्यवस्था हुँदैन।
- ग्रामथान क्षेत्रमा रुख, वन, विरुवाहरू हुने।
- ग्रामथानको विकास, संरक्षण र सम्बर्द्धनको उचित व्यवस्था को अभाव।
- गाउँको झाक्री (धामी) द्वारा पूजा गराउने परम्परा।
- पशुवलि दिने र वैष्णवी दुई पकारको पूजाहुने।
- पूजा सकेपछि प्रसाद टोल बस्तीमावितरण गरिने।
- कागज र ठठेलको घोडा, छतरीअनिवार्य चढाइने।
- नयाँ बस्ती नयाँ ग्रामथानको अवधारणा।
- ग्रामथान भएको स्थानमा मेला लगाइने

**ग्रामथानमा गरिने पूजाहरू**

ग्रामथानमा स्थानीय टोल बस्तीको सहयोगमा (स्थानीय भाषामा बेहरी) लगाई वर्षमा एक पटक पुजारीको माध्यमबाट पूजा गरिन्छ। सोही पूजा मार्फत गाउँका मानिसहरूले खेतीमा लगाएको बालिनाली राम्रो होस र त्यस गाउँमा कुनै संकट नआओस् भनी ग्रामथानसँग आशिर्वाद मागिन्छ। ग्रामथानमा सर्पदंश र अन्य रोगव्याधीलाई निर्मूल पार्न पूजा गर्ने प्रचलन छ। गाउँ वस्तीमा कसैको छोरा वा छोरीको विवाह भएमा ग्रामथानमा गई पूजा गरेपछि मात्र अरु विधि विधानको काम सुरु हुन्छ।

देवीदेवताका लागि र गाउँको रक्षा एवं कृषि बालीमा उर्वरा शक्ति बढाउनका लागि बोका, कुखुरा वा हाँसको बलि दिने प्रचलन छ। अचेल ग्रामथानमा बलीचढाई मिठाई र फलफूलहरूबाट (बैशणवी) पूजागर्ने र चढाउने गरिन्छ। पूजा सम्पन्न भएपछि प्रसाद टोल बस्तीका मानिसहरूको घर-घरमा गएर बाँढ्ने प्रचलन परम्परा देखि अहिलेसम्म चलि आएको छ।

ग्रामथान समानताकी देवी हुन्। यसमा पूजा गर्नबाट कसैलाई बन्देज गरिन्न। तराई मधेशमा बसोबास गर्ने उच्चवर्ग, आदिबासी-जनजाति, दलित र पिछडावर्गमा पर्ने समुदायको पवित्र स्थान हो। ग्रामथानमा विभिन्न देवी देवताको पूजापाठ गरिन्छ। मुख्य रूपमापूजिने देवीदेवता हरूमा मूल राजाजी, हात्तीबन्धा (हात्ती आतंक शान्त पार्न), बघेसरी (बाघको आतंक शान्त पार्न), रूपनी अहारनी ( धनकी देवी लक्ष्मी), गहिल, बामत, गैया, बाधबधुवार (जंगल, जमिन, जलका देवता), विश्वकर्मा, संकटमोचन हनुमान ठाकुर, अधौरीनाथ, डिहवारनी ( वास्तु देवता), बिषहरा (नाग देवता), जलकुमारी (बाढी-पानीबाट जोगाउने देवता) र संसारीमाई (रोग-व्याधीबाट बचाउन) लगायतका देवदेवताको पूजा गर्ने प्रचलन छ।

ग्रामथानमा गरिने प्रमुख पूजाहरू दुईवटा छन्। असार महिनामा 'अखारी पूजा' जसमा दूध, सख्खर, चामल मिश्रित खिरको प्रसाद, फलफुलहरू चढाइन्छ। त्यस बाहेकपान, सुपारी, फूल, धुप चढाइन्छ भने अगरबत्ती, चिराग (दियो) बालिन्छ। मंसिर महिनामा 'नेमानीपूजा', जसमा नयाँ अन्न बाली काँचो धान ल्याएर च्यूरा वनाई त्यसबाट लड्डु बनाएर दूध, सख्खर, चामल मिश्रित खिरको प्रसाद, फलफुलहरू चढाइन्छ। त्यस बाहेक पान, सुपाडी, फूल, धुप चढाईन्छ भने अगरवत्ती, चिराग (दियो) बालिन्छ। त्यसैगरी केही ग्रामथानहरूमा नयाँवर्षको बैशाख महिनामा ग्राम देवताको पूजा गरी धानको बीउ लगाउने प्रचलनरहेको छ। मंसिरमा ग्रामथानको पूजा गरी धान काट्ने प्रचलन समेत रहेको छ।

**ग्रामथान पूजाको प्रकार**

१. छोराछोरीको विवाहपूजा: कसैको छोरा वा छोरीको विवाह गर्दाको अवसरमा ग्रामथानमा पुगेर अनिवार्य रूपमा पूजापाठ गरिन्छ।
२.सर्पदंश वा अन्य रोगव्याधि टार्न गरिने पूजा: यस पूजामा देवी बिसहारी (सर्पदेवी र नागदेवता) लाई दूध, चामल, नरिवल आदि चढाएर पूजा गरिन्छ।
३.धान पूजा: नयाँ धान भित्र्याउँदा गरिने विशेषपूजा।
४. बलिदान पूजा (सक्कर पूजा) : देवीदेवताका लागि र गाउँको रक्षा एवं अन्न बालीमा उर्वराका लागि पाठा-पाठी (बोका-बाख्री), हाँस, परेवा, कुखुराको चल्लाको बलिदिने एवम् पूजा सम्पन्न भएपछि प्रसाद गाउँटोलमा बाँड्ने गरिन्छ।
५.महामारी पूजा:गाउँमा महामारी, प्राकृतिक विपत्ति वा अन्य संकट आउँदा देवीदेवता सँग गाउँको शान्ति र सुरक्षाका लागि आशिर्वाद माग्ने गरिन्छ।
६.हरियर (बाली हरियो) पूजा: कृषकहरूको कृषिउत्पादन राम्रो होस् भनेर गरिने पूजा हो। यसमा गाई, गोरु, खेतीपातीको संरक्षणको लागि देवी-देवतासँग प्रार्थना गरिन्छ।

**ग्रामथानपूजामाचाहिने सामग्रीहरू**

मधेशी समुदायको सांस्कृतिक र धार्मिक परम्परासँग गहिरो सम्बन्धित ग्रामथानको पूजामा पूजाको प्रकार, स्थानीय परम्परा र उपलब्धताका आधारमा विभिन्न सामग्रीहरू प्रयोग भएको पाइन्छ। सामान्यतया ग्रामथानको पूजामा निम्न सामग्रीहरूको आवश्यकता पर्छ।

- पवित्र वातावरण सिर्जना गर्न धूपबत्ती, अगरवत्ती र दीप
- देवीदेवताहरुलाई चढाउनका लागि ताजाफूलहरू, विशेष गरी सेता र रातो
- पवित्र चामल, जसलाई पूजा क्रममा अक्षताका रूपमा प्रयोग गरिन्छ।
- शुभफलको रूपमा नरिवल
- केरा, स्याउ, सुन्तला, अगुर लगायतका फलहरू
- पान, सुपारी र ल्वाङ, पानको पात, सुपारी र दही, दूध र खीर
- मह : पञ्चामृत तयार गर्न र अभिषेकका लागि
- रङ्गीन कपडा (चीर) : देवी-देवताका मुर्तिलाई सजाउन र अर्पण गर्न रङ्गीन कपडाहरू
- पवित्रजल (गङ्गाजल) : शुद्धिकरण र अभिषेकका लागि
- पशुबलि सामग्री:बोका, पाठी, कुखुरा, हाँस आदि।
- प्रकाशका लागि माटोको दियो र तेल
- पूजाका क्रममा चाहिने विशेष कपडा र पवित्र धागो (रक्षासूत्र)
- देवी-देवताका लागि सिन्दूर र हल्दी
- टिका लगाउन र मूर्ति सजाउन चन्दनको लेप
- ठठेलले बनेको घोडा र कागज छतरी
- पूजापछि वितरण गर्न मिठाई, खीरवाअन्य परिकार। आदी

वडा वासीहरुको लागि जनहितमा जारी सूचना

- आफ्नो घर आगँन सफा राखौ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ।
- सडक बाटोको अतिक्रमण नगरौ।

वडा सचिव दिपक निरौला
वडा अध्यक्ष घनश्याम हलुवाई

६ नं. वडा कार्यालय, दुहवी नगरपालिका, सुनसरी, कोशी प्रदेश

वडा वासीहरुको लागि जनहितमा जारी सूचना

- आफ्नो घर आगँन सफा राखौ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ।
- सडक बाटोको अतिक्रमण नगरौ।

वडा सचिव उषा कुमारी चौधरी
वडा अध्यक्ष रमेश कुमार रौनियार

५ नं. वडा कार्यालय, दुहवी नगरपालिका, सुनसरी, कोशी प्रदेश

वडा वासीहरुको लागि जनहितमा जारी सूचना

- आफ्नो घर आगँन सफा राखौ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ।
- सडक बाटोको अतिक्रमण नगरौ।

वडा सचिव जित बहादुर ओली
वडा अध्यक्ष मो.मस्तकीम मियाँ

४ नं. वडा कार्यालय, दुहवी नगरपालिका, सुनसरी, कोशी प्रदेश

# गभर्नरलाई व्यापार संघको सुझाव

विराटनगर । मोरङ उद्योग व्यापार संघको टोलीले नेपाल राष्ट्र बैंकका गभर्नर प्रा.डा. विश्वनाथ पौडेललाई भेट गरी निजी क्षेत्रको हकहित एवं सम्वर्द्धनका लागि हाल राष्ट्र बैंकले व्यवस्थापन गर्नु पर्ने विषयहरु समेटी बिहिबार सुझावपत्र पेश गरेको छ ।



संघका अध्यक्ष अनुपम राठीको नेतृत्वमा वरिष्ठ उपाध्यक्ष अनिलकुमार साह, वाणिज्य उपाध्यक्ष अनिल सारडा सहित उद्योगी/ व्यवसायीहरुको सो टोलीले राष्ट्र बैंकको विराटनगर स्थित प्रादेशिक कार्यालयद्वारा आयोजित अन्तरक्रिया कार्यक्रम मा उपस्थित हुनु भएका गर्भनर पौडेल समक्ष सो सुझाव पत्रबुझाईएको थियो ।

संघका अध्यक्ष राठीले गर्भनर प्रा.डा. पौडेललाई सुझावपत्र बुझाउँदै निजी क्षेत्रको विद्यमान आवश्यकता हरुलाई सम्बोधन गर्न समुचित नीति एवं व्यवस्था मिलाउन आग्रह गर्नु भएको थियो । सो क्रममा अध्यक्ष राठीले निरन्तर दुई वर्ष घाटामा देखिने उद्योग/व्यवसायहरुको ऋण र व्याजदरमा सहजता प्रदान गर्न निजहरुको ऋणलाई प्रोभिजन गर्दा 'बुक लस'भन्दा 'क्यास लस'लाई मान्यता दिनु पर्ने तथा डेब्ट-इक्वीटी अनुमति मिलेका प्रतिष्ठान हरुको ऋणहरुलाई खराब कर्जामा वर्गिकरण गर्न नहुने सुझावदिनु भएको थियो ।

साथै, अध्यक्ष राठीले औद्योगिक/व्यवसायिक प्रतिष्ठानहरुका हकमानिजहरुको कारोबार एवं प्रवृत्तिका आधारमा ६० प्रतिशत सम्म चालु पुँजीकर्जा सहज रुपमा उपलब्ध गराउनु पर्ने, नेपाली निर्यातकर्ताहरुलाई प्रतिस्पर्धी बनाउननिजहरुले आर्जन गर्ने विदेशीमुद्राको विनिमय दरमा ३ देखि ५ प्रतिशतथप रकमउपलब्ध गराउनु पर्ने, उद्योग/व्यवसाय क्षेत्रलाई बैंकिङ कारोबार गर्न बाधानपर्ने गरी बैंकहरुको समेत वार्षिक विदाअधिकतम् १३ दिनकायम गर्नु पर्ने, नेपालको सूचना प्रविधि क्षेत्रको विकासका लागि नेपालीले पनि विश्वव्यापी अनलाईन भुक्तानी प्लेट फर्महरु (जस्तैः पेपल, स्क्रीलआदि) प्रयोग गर्न सक्ने व्यवस्था मिलाउनु पर्ने, वित्तीय कारोबार गर्ने सहकारीहरुको अनुगमन, नियमन तथा सुपरीवेक्षण कार्यलाई अझप्रभावकारी ढंगले अघि बढाउँदै सहकारीको कारोबार लाई व्यवसायिक र प्रतिस्पर्धी बनाउनु पर्ने आदि सुझावहरु प्रस्तुत गर्नु भएको थियो ।

संघद्वारा प्रस्तुत उक्त सुझावपत्र ग्रहण गर्दै गर्भनर प्रा.डा. पौडेलले सो सुझावहरु सकारात्मक एवं समय सान्दर्भिक रहेको बताउनु भई त्यसका लागिआफुले गृहकार्य गरी यथासम्भव सम्बोधन गर्ने प्रतिवर्द्धताजाहेर गर्नुभएको थियो ।

# मानव अधिकार संरक्षण सबैको साझा जिम्मेबारी

विराटनगर । मानव अधिकारको संरक्षण र सम्बर्धन राज्य मात्र नभई सबैको साझा जिम्मेवारी भएको कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले बताएका छन् ।

विराटनगरमा शुक्रवार आयोजित कार्यक्रममा उहाँले "राज्य नै सबै हो भन्ने सोच राख्न नहुने बताउँदै मानव अधिकारको संरक्षणमा सबै पक्षको बराबरी भूमिका हुन्छ चर्चा गरेका थिए । उहाँले सरकार नीतिनियम निर्माण र सहजीकरणका लागि जिम्मेवार रहने स्पष्ट स्पष्ट पार्दै यसका लागि सरकारले आफ्नो भूमिका निर्वाह गर्ने वताएका थिए ।

मुख्यमन्त्री कार्कीले अन्तर्राष्ट्रिय सन्धि र सम्झौतासँग मेल खाने गरी ऐन, नियम तथा कानुन बनाउँदै अघि बढ्नुपर्नेमा जोड दिँदै श्रमिक र व्यवसायको संरक्षणमा सरकार तयार रहेको बताए । उहाँले भन्नुभयो, "मानवता र अधिकारको उच्च सम्मान गर्नुपर्छ, सबैले यसलाई संरक्षित गर्नु पर्छ ।" व्यवसाय र मानव अधिकारको संरक्षणमा नेपाल विश्व मानचित्रमा अगाडि रहे पनि त्यसको श्रेय अन्य देशले लिइरहेको चर्चा गर्दै उहाँले सबै मिलेर यस क्षेत्रमा सकारात्मक पहल गर्नुपर्ने आवश्यकता औंल्याएका थिए ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (ग्लम्ए) को संयुक्त

वांकी अन्तिम पेजमा...

# तीन जिल्लाबाट लागुऔषध सहित १५ पक्राउ

विराटनगर । सुनसरी, मोरंग र झापा छुट्टा छुट्टा स्थानहरुबाट प्रतिबन्धित लागू औषध सहित ८ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

भदौ १ गते बिशेष सुचनाको आधारमा अस्थायी प्रहरी चौकी अमरहाटबाट खटिएको प्रहरी टोलीले धरान उप-महानगरपालिका-२० स्थित जंगलबाट ७२ किलोग्राम लागू औषध गाँजा सहित धरान-२० का ३० वर्षीय रुपेश राई, २८ वर्षीय मिलन राई, २५ वर्षीय रंजित राई, धनकुटाको सहिदभुमी गाउँपालिका-३ का ३४ वर्षीय प्रदिप राई र धरान १३ का ३१ वर्षीय सन्तोष राईलाई नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी इलाका प्रहरी कार्यालय उर्लावारीबाट खटिएको प्रहरी टोलीले चेक जाँचको क्रममा उर्लाबारी नगरपालिका-९ स्थितमा बा.३ च ७९८१ नम्बरको कारबाट ग्यालेन लुकाई छिपाई राखेको ५ लिटर कोरेक्स र नाईट्रोभेट १ सय ५० ट्याब्लेट सहित दमक नगरपालिका-४ का ४३ वर्षीय केदार ओझा, उर्लावारी नगरपालिका-४ की २२ वर्षीया एन्जिला दाहाल र उर्लावारी-७ का ३२ वर्षीय सुजन सेन्दाङ लिम्बुलाई बा ७८ प ४०९८ नम्बरको मोटरसाईकल सहित पक्राउ गरेको थियो ।

साथै इलाका प्रहरी कार्यालय देवानगंज सुनसरीले देवानगंज गाउँपालिका-६ बुढी खोला स्थितबाट बेबारीसे अवस्थामा रहेको ५९ किलोग्राम लागू औषध गाँजा बरामद गरेको थियो ।

झापा र सुनसरीबाट लागू औषध ब्राउन सुगर सहित ७ जनालाई प्रहरीले पक्राउ गरेको छ । साउन ३१ गते शनिवार झापाको मेचीनगर नगरपालिका- ६ स्थित इलाका प्रहरी कार्यालय काँकरभिट्टा बाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा ३१ ग्राम ६ सय ९६ मिलिग्राम ब्राउन सुगर सहित बेचबिखानमा संलग्न सिन्धुपाल्चोक जुगल गाउँपालिका- २ का २४ बर्षीय रामहरी सिलवाल, २३ बर्षीय सुरेन्द्र सिलवाल र मेचिनगर- १० का २८ बर्षीय सुरेश गुरुङलाई नियन्त्रणमा लिएको थियो ।

त्यस्तै सुनसरीको ईनरुवा नगरपालिका- ४ बाट अस्थायी प्रहरी पोष्ट बसपार्क ईनरुवाले १४ ग्राम ३५ मिलिग्राम ब्राउन सुगर सहित सुन्दरहरैचा- ६ मोरङका ३७ बर्षीय रोशन खड्का, ३२ बर्षीय लाल बहादुर बि.क., धादिङ थाक्रेका ३१ बर्षीय कुमार बिडारी र दोलखाका ३३ बर्षीय राम आछामेलाई पक्राउ गरेको थियो ।

पक्राउ परेका सवै उपर सम्वन्धित प्रहरी कार्यालयवाट थप अनुसन्धान भइ रहेको सम्वन्धि प्रहरी कार्यालयले जनाएको छ ।





## वडा वासीहरुको लागि जनहितमा जारी सूचना

- आफ्नो घर आगँन सफा राखौ ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ ।
- सडक बाटोको अतिक्रमण नगरौ ।

वडा सचिव
रोहित पराजुली

वडा अध्यक्ष
तारिकचन्द सरदार

८ नं. वडा कार्यालय,
दुहवी नगरपालिका, सुनसरी,
कोशी प्रदेश

## वडा वासीहरुको लागि जनहितमा जारी सूचना

- आफ्नो घर आगँन सफा राखौ ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ ।
- सडक बाटोको अतिक्रमण नगरौ ।

वडा सचिव
अनुसका भट्टराई

वडा अध्यक्ष
रामचन्द्र चौधरी

१२ नं. वडा कार्यालय,
दुहवी नगरपालिका, सुनसरी,
कोशी प्रदेश

## वडा वासीहरुको लागि जनहितमा जारी सूचना

- आफ्नो घर आगँन सफा राखौ ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ ।
- सडक बाटोको अतिक्रमण नगरौ ।

वडा सचिव
कृष्ण देव अमात

वडा अध्यक्ष
खड्ग नारायण उराँउ

११ नं. वडा कार्यालय,
दुहवी नगरपालिका, सुनसरी,
कोशी प्रदेश

# शब्दको शक्ति र महत्व



लेखक : नीता बिम्ब

शब्द भन्नाले एक वा एकभन्दा बढी वर्णहरूको मिलनबाट बनेको सार्थक ध्वनि समूहलाई जनाइन्छ। संस्कृत भाषामा शब्दलाई 'ब्रहा' भनिन्छ, भने वाक्यमा प्रयोग भएको शब्दलाई 'पद' भनिन्छ। वर्ण र मात्राको संयोजनबाट शब्द तयार हुन्छ।

शब्द कुनै पनि भाव, विचार वा सम्बन्धलाई अभिव्यक्त गर्ने सबल माध्यम हो। मानिसले आफ्ना भावना र सोच विचार व्यक्त गर्न शब्द प्रयोग गर्दछ। शब्दले व्यक्ति, समाज र संस्कृति बीच सम्बन्ध स्थापित गर्दछ।

शब्द केवल ध्वनि समूह मात्र होइन, यो हाम्रो मनोभाव, सामाजिक आचरण र आत्मिक अवस्था प्रतिबिम्बित गर्ने माध्यम हो। सुसंस्कृत, नम्र र गहिरो अर्थ बोकेका शब्दहरूले सम्बन्ध सुदृढ पार्दछन्, विश्वास दिलाउँछन्, र आत्मीयता बढाउँछन्।

शब्दको प्रयोगबाट मानिसको स्वभाव र चरित्र झल्किन्छ। एउटा सानो शब्दले मित्रता कायम गर्न सक्छ भने त्यही शब्दले शत्रुता पनि निम्त्याउन सक्छ। व्यक्तिको बोली नै उसको पहिचान हो, र बोलीको मूल आधार भनेको शब्द हो।

वैज्ञानिक दृष्टिकोणले पनि शब्दको प्रभाव उल्लेखनीय छ। न्यूरोलिङ्गिवस्टिक प्रोग्रामिङ सिद्धान्त अनुसार शब्दले मस्तिष्कका तन्तुहरूमा प्रत्यक्ष प्रभाव पार्दछ। सकारात्मक शब्दले हाम्रो सेरोटोनिन र डोपामिन जस्ता रसायन सक्रिय बनाउँछ, जसले मानिसलाई खुशी र ऊर्जावान बनाउँछ। त्यस विपरीत, नकारात्मक शब्दले मानसिक अवस्था कमजोर बनाउने खतरा रहन्छ।

व्यावहारिक रूपमा हेर्दा, कहिलेकाहीँ शब्द हतियारभन्दा पनि तीखो हुन सक्छ। छुरीको घाउ समयसँगै निको हुन सक्छ तर कठोर र कटु शब्दले पारेको घाउ धेरै समयसम्म निको नहुन सक्छ। घरेलु हिंसा, मानसिक प्रताडना, कार्यक्षेत्रमा हुने कटाक्ष वा तुच्छ शब्दहरूले व्यक्तिको आत्मबल र आत्मसम्मान मा चोट पुऱ्याउँछ।

त्यसैले शब्द प्रयोग गर्दा के भनिँदैछ, कहाँ भनिँदैछ, कसलाई भनिँदैछ, र कुन सन्दर्भमा भनिँदैछ भन्ने कुरा बुझेर मात्र प्रयोग गर्नु उपयुक्त हुन्छ।

हाम्रो हिन्दू परम्परामा शब्दलाई ब्रह्म मानिएको छ, जसमा दैवी ऊर्जा हुन्छ। ॐ जस्ता बीज मन्त्रहरूको उच्चारणले मानसिक एकाग्रता र शान्ति दिन्छ। वेद, उपनिषद् र धार्मिक ग्रन्थहरूमा शब्दमार्फत नै ज्ञान, ध्यान र शक्ति प्राप्त गरिन्छ।

गुरुहरूको उपदेश, धर्मशिक्षा, र समाज सुधारका अभियानहरू सबै शब्दमार्फत नै सञ्चालित हुन्छन्। त्यसैले भन्न सकिन्छ - शब्दको महिमा अपरम्पार छ।

शब्दको सदुपयोगले व्यक्ति र समाजलाई उन्नत बनाउँछ, भने दु:शब्दको प्रयोगले सम्बन्ध तोड्न सक्छ, मन दुखाउन सक्छ। त्यसैले शब्द छान्दा सधैं सतर्क, सचेत र संवेदनशील हुनु आवश्यक हुन्छ।

## वैश्विक...

विश्वका युवाहरू डिजिटल क्रिएटर, स्टार्टअप उद्यमी, सामाजिक अभियन्ता र नवप्रवर्तनकारीका रूपमा स्थापित भएका छन्। तथापि, डिजिटल पहुँचमा असमानता, साइबर सुरक्षा जोखिम, निजता सम्बन्धी चिन्ता र डिजिटल दुरुपयोग जस्ता चुनौतीहरू अझै समाधान हुन बाँकी छन्। डिजिटल साक्षरतामा सुधार, साइबर सुरक्षा नीति बनाउने र डिजिटल पहुँचलाई सबैका लागि समान बनाउने आवश्यक छ। यसले युवालाई सुरक्षित, सशक्त र जिम्मेवार डिजिटल नागरिक बनाउन मद्दत गर्नेछ।

युवाहरू विश्वभर राज-नीतिक क्षेत्रमा सक्रिय हुँदै आएका छन्। उनीहरूले लोकतान्त्रिक प्रक्रिया, पारदर्शिता, समावेशिता र न्यायका लागि आवाज उठाएका छन्। धेरै देशमा युवा मतदाता र नागरिकको ठूलो हिस्सा भएका कारण चुनावी परिणाममा उनीहरूको भूमिका महत्वपूर्ण भएको छ। डिजिटल माध्यम प्रयोग गरी राजनीतिक चेतना फैलाउने, जनआन्दोलनमा सक्रिय सहभागिता जनाउने, भ्रष्टाचार र असमानता विरुद्ध लड्ने काम गरिरहेका छन्।

तर, कानुनी, सामाजिक र संरचनागत बाधाहरूले कतिपय देशमा युवाको राजनीतिक सहभागितामा रोक लगाएको छ। युवालाई नेतृत्व विकासका लागि विशेष प्रशिक्षण, समावेशी नीति र न्यायसंगत अवसर दिनु आवश्यक छ। युवाहरू विश्वव्यापी रूपमा उद्यमशीलतामा झुकेका छन्। स्टार्टअप संस्कृति व्यापक बन्दै गएको छ जसले रोजगार सिर्जना र नवप्रवर्तनमा योगदान पुर्‍याएको छ।

तर, आर्थिक स्रोतको अभाव, व्यवसाय सञ्चालनमा कानुनी जटिलता र प्रविधिको पहुँचमा असमानता युवाहरूलाई उद्यमशीलतामा प्रवेश गर्नबाट रोकिरहेका छन्। सरकार र निजी क्षेत्रको साझेदारीले युवालाई वित्तीय, प्राविधिक र व्यवस्थापन सहयोग प्रदान गर्नुपर्छ। यसले उद्यमशीलतालाई प्रवर्द्धन गर्दै आर्थिक समृद्धि र रोजगारी सिर्जना गर्न मद्दत गर्नेछ।

लैङ्गिक भेदभाव, जातीय विभाजन, आर्थिक असमानता र भौगोलिक दूरीले केही युवा वर्ग विकासबाट बञ्चित छन्। सामाजिक समावेशनका कार्यक्रमले समान अवसर र पहुँच सुनिश्चित गर्न आवश्यक छन्। विशेष गरी युवतीहरूलाई शिक्षा, स्वास्थ्य सेवा, रोजगार र नेतृत्वमा पहुँच दिलाउन विशेष पहल आवश्यक छ। यसले मात्र दिगो विकास र सामाजिक समृद्धि सम्भव हुनेछ। युवाहरूको शारीरिक र मानसिक स्वास्थ्यमा लगानी अनिवार्य छ। स्वस्थ युवा समाजको आधार हुन्। विश्वका धेरै भागमा युवाले यौन र प्रजनन स्वास्थ्य सेवामा पहुँच पाउन सकेका छैनन्। यसले गर्दा आवश्यक उपचार र परामर्शमा बाधा आउँछ। मानसिक स्वास्थ्य सेवाको विस्तार गरी विद्यालय, कलेज र समुदायमा मनोवैज्ञानिक परामर्श र स्वास्थ्य शिक्षा कार्यक्रम आवश्यक छन्।

वैश्विक युवाहरूका चुनौती अन्तर्राष्ट्रिय प्रकृतिका छन्। त्यसैले विश्वभरिका देश, संस्था र युवा संगठनले सहकार्य गर्दै कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ। युवा आदानप्रदान, अन्तर्राष्ट्रिय सम्मेलन र डिजिटल नेटवर्किङले युवालाई अनुभव र ज्ञान साटासाट गर्न मद्दत गर्छ। तर विकासशील मुलुकका युवालाई यस्ता अवसरमा अझ बढी जोड्न आवश्यक छ। समान अवसर र पहुँच सुनिश्चित गर्न विश्व समुदायले संयुक्त प्रयास गर्नुपर्छ।

अन्ततः वैश्विक युवाहरू आधुनिक विश्वका चुनौती र सम्भावनाको केन्द्रमा छन्। उनीहरूको सामना गरिरहेका समस्या गम्भीर भए पनि समाधानका उपाय उपलब्ध छन्। अन्तर्राष्ट्रिय युवा दिवसले युवाको सशक्तिकरणका लागि प्रेरणा मात्र होइन, संयुक्त प्रयासको आवश्यकता पनि औंल्याउँछ।

गुणस्तरीय शिक्षा, रोजगारी, स्वास्थ्य सेवा, नेतृत्व विकास र सामाजिक समावेशन सुनिश्चित गरिए मात्र समृद्ध र दिगो विश्वको सपना पुरा गर्न सकिन्छ। युवाको ऊर्जा र प्रतिभाले मात्र उज्जवल भविष्य सुनिश्चित गर्न सक्छ। त्यसैले सबै देश र समुदायले युवा वर्गलाई पहिलो प्राथमिकतामा राख्नुपर्छ र उनीहरूको अधिकार र अवसरको संरक्षण तथा प्रवर्द्धनमा जुट्नुपर्छ। (लेखक मगर नेपाल हाप्किडो संघका अध्यक्ष हुन) अनलाइन खबरबाट।

तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर
बिरामीहरूको लागि खुशीको खबर !!
ल्याब जाचमा ५०% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७
९८१३२५४४७५
1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...
नि:शुल्क सुगर जाँच
यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ ।
समय: विहान ७:00 बजेदेखि दिउँसो १२:00 बजेसम्म ।

वडा वासीहरूको लागि जनहितमा जारी सूचना

- आफ्नो घर आगँन सफा राखौ ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ ।
- सडक बाटोको अतिक्रमण नगरौ ।

वडा सचिव — रोहित कुमार सुवेदी
वडा अध्यक्ष — विजय कुमार चौधरी

७ नं. वडा कार्यालय,
दुहवी नगरपालिका, सुनसरी,
कोशी प्रदेश

वडा वासीहरूको लागि जनहितमा जारी सूचना

- आफ्नो घर आगँन सफा राखौ ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ ।
- सडक बाटोको अतिक्रमण नगरौ ।

वडा सचिव — मो.हजरत मियाँ
वडा अध्यक्ष — मो. मेहदी हुसेन

९ नं. वडा कार्यालय,
दुहवी नगरपालिका, सुनसरी,
कोशी प्रदेश

वडा वासीहरूको लागि जनहितमा जारी सूचना

- आफ्नो घर आगँन सफा राखौ ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ ।
- सडक बाटोको अतिक्रमण नगरौ ।

वडा सचिव — बाबुराम ढकाल
वडा अध्यक्ष — तुलाराम माझी

१० नं. वडा कार्यालय,
दुहवी नगरपालिका, सुनसरी,
कोशी प्रदेश